आज मिति २०८२।१२।१९ गते बिहीबारका दिन दिउँसो ०५:०० बजे यस बागमती गाउँपालिकाका श्रद्धेय अध्यक्ष श्री सर्केश घलानज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो।

| उपस्थिति | | | |
|---|---|---|---|
| क.सं. | नाम, थर | पद | हस्ताक्षर |
| १ | श्री सर्केश घलान | अध्यक्ष | |
| २ | श्री फणिन्द्र कुमार तिमल्सिना | उपाध्यक्ष | |
| ३ | श्री हस्त बहादुर थिङ, ०१ नं. का.वा. वडाध्यक्ष | सदस्य | |
| ४ | श्री जनक बहादुर पहरी, ०२ नं. वडाध्यक्ष | सदस्य | |
| ५ | श्री कमान सिँ पाख्रिन, ०३ नं. वडाध्यक्ष | सदस्य | |
| ६ | श्री दन्त लाल माझी, ०४ नं. वडाध्यक्ष | सदस्य | |
| ७ | श्री विजय कुमार भोलन, ०५ नं. वडाध्यक्ष | सदस्य | |
| ८ | श्री टेक बहादुर डिम्डुङ, ०६ नं. वडाध्यक्ष | सदस्य | |
| ९ | श्री उत्तर बहादुर भोलन, ०७ नं. वडाध्यक्ष | सदस्य | |
| १० | श्री इन्द्रमणी तिमल्सिना, ०८ नं. वडाध्यक्ष | सदस्य | |
| ११ | श्री पुनराम घलान, ०९ नं. वडाध्यक्ष | सदस्य | |
| १२ | श्री भिम भुजेल | सदस्य | |
| १३ | श्री डम्बर बहादुर विश्वकर्मा | सदस्य | |
| १४ | श्री अम्बिका विश्वकर्मा | सदस्य | अम्बिका |
| १५ | श्री उर्मिला वि.क. | सदस्य | उर्मिला |
| १६ | श्री भगवती माया माझी | सदस्य | भगवती |
| १७ | श्री सुनिता नेगी | सदस्य | |
| १८ | श्री ओम बहादुर दर्जी | सचिव | |

मिति: २०८२।१२।१९ गते गाउँ कार्यपालिका बैठक नं. ८२

| क. सं. | प्रस्तावित विषयहरु | कैफियत |
|---|---|---|
| १ | विगत गाउँ कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा। | |
| २ | स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन सम्बन्धमा। | |
| ३ | चौमासिक खर्च अनुमोदन सम्बन्धमा। | |
| ४ | नदीजन्य पदार्थको पुनः ठेक्का सम्बन्धमा। | |
| ५ | विविध १, २, ३, ४ र ५ | |

निर्णयहरु

निर्णय नं. ०१

प्रस्तावित विषय नं. ०१ माथि छलफल गर्दा यस गाउँ कार्यपालिकाबाट गत विगतमा गरिएका अधिकांश बैठकका निर्णयहरु कार्यान्वयन भएका एवं कार्यान्वयनका चरणमा रहेको हुँदा थप प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिका अन्तर्गतका जनप्रतिनिधिमुलक संयन्त्र, कर्मचारी संयन्त्र तथा सम्पूर्ण सरोकारवालाहरुको सहयोग एवं समन्वयमा सबै संयन्त्रहरु परिचालन गरी कार्यसम्पादन गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

निर्णय नं. ०२

प्रस्तावित विषय नं. ०२ माथि छलफल गर्दा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिँहदरबार काठमाडौं स्थानीय तह समन्वय शाखाको च.नं. ३२९, मिति २०८२/१२/१७ गतेको प्राप्त पत्रानुसार स्थानीय तह शासन कार्यसम्पादन मूल्यांकन प्रणाली (Local Governanece Performance Assessment System: LGPAS) मा निर्धारित ढाँचामा तोकिएका विवरणहरु प्रविष्टि गरी प्राप्त हुन आएको प्रारम्भिक नतिजा उपर छलफल गरी यस गाउँपालिकाले प्राप्त गरेको प्राप्ताङ्क ८५.२० अंक सहितको विवरणलाई आवश्यक पृष्ठपोषणका लागि जिल्ला समन्वय समितिको कार्यालय मकवानपुरमा पठाउने सर्वसम्मतिमा निर्णय गरियो।

निर्णय नं. ०३

प्रस्तावित विषय नं. ०३ माथि छलफल गर्दा बागमती गाउँपालिकाको आ.व. २०८२।०८३ को वार्षिक नीति, कार्यक्रम तथा बजेटमा उल्लिखित कार्यक्रम अन्तर्गत सङ्घीय सरकारबाट प्राप्त सशर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान, राजश्व बाँडफाँड, प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान, प्रदेश सवारी कर, समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान, आन्तरिक स्रोतबाट प्राप्त आय, अघिल्लो आ.व. को मौज्दात (अ.ल्या), गत विगत आ.व. को दायित्व भुक्तानी, विभिन्न गैरसरकारी संघ/संस्था सँगको समन्वय, सहयकार्य र साझेदारीमा गरिने बजेट तथा कार्यक्रमहरु लगायत गाउँपालिकामा दोस्रो चौमासिक (मिति २०८२।०८।०१ देखि २०८२।११।३० सम्म) अवधिमा प्राप्त ***अनुसूची-१*** बमोजिमको चौमासिक आम्दानी प्रतिवेदन र ***अनुसूची-२*** अनुसारको खर्च विवरण स्वीकृत गरी अनुमोदन गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

निर्णय नं. ०४

प्रस्तावित विषय नं. ०४ माथि छलफल गर्दा बागमती गाउँपालिकाको नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा लगायत) को आन्तरिक आय ठेक्का मार्फत विक्री गरी गाउँपालिकाको आन्तरिक राजश्वलाई मजबुत बनाउन र सोको अभिवृद्धि गर्न प्रारम्भिक वातावरणीय परीक्षण (IEE) ले निर्दिष्ट गरेका देहायका विन्दुहरुबाट यस गाउँपालिकाको गत विगत आ.व. मा संकलित राजश्वको आधार, नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा बिक्री एवं प्रयोगको गत विगतको अवस्था, बजारीकरण लगायतका विषयहरुलाई समेत दृष्टिगत गरी प्रचलित कानुनको अधीनमा रहि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनले निर्दिष्ट गरेका विन्दुहरुबाट मिति २०८२/११/१५ गतेको गाउँ कार्यपालिकाको निर्णय मुताबिक गाउँ कार्यपालिकाको कार्यालयले दोस्रो पटक मिति २०८२/११/२६ गतेका दिन आन्तरिक आयको ठेक्का व्यवस्थापनका लागि Bid Publish गरेकोमा मिति २०८२/१२/११ गतेका दिन Bid Opening गर्दा कुनै पनि बोलपत्रदाता उक्त बोलपत्रमा सहभागी नभएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ उपदफा ४(क) एवं सार्वजनिक खरिद नियमावली, २०६४ तथा बागमती गाउँपालिकाको सार्वजनिक खरिद नियामावली, २०८१ तथा प्रचलित कानुनको अधीनमा रहि पुनः ठेक्का आह्वान गर्न प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मतिमा निर्णय गरियो।

सर्वेश घलान
अध्यक्ष

CamScanner

निर्णय नं. ०५

प्रस्तावित विषय नं. ०५ विविध माथि छलफल गर्दा आवश्यकता एवं औचित्यताको आधारमा देहायानुसार सर्वसम्मतिमा निर्णय गरियो।

१. बागमती गाउँपालिकाको आ.व. २०८१/०८२ को बार्षिक नीति, कार्यक्रम तथा बजेट कार्यान्वयन लगायतका समग्र पक्षलाई विषयगत समिति, विषयत शाखा, उपशाखा एवं ईकाई तथा सम्पूर्ण जनप्रतिनिधि र कर्मचारीहरुको समन्वय र सहकार्यमा गाउँपालिकाबाट सम्पादित कार्यहरु लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको जगमा परीक्षण गर्दा प्राप्त प्राप्ताङ्क ६३.५० अङ्क एवं लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रतिवेदन, २०८२ लाई सर्वसम्मतिमा अनुमोदन गर्ने।

२. यस बागमती गाउँपालिकाका नागरिकहरुले विभिन्न आर्थिक विपन्नताको समस्या देखाइ आर्थिक सहयोगको अपेक्षा राख्दै सहयोग रकम माग गर्नु भएको हुँदा सहयोगको प्रकृति, आवश्यकता एवं औचित्यताको आधारमा बागमती गाउँपालिकाको चालु आ.व. २०८२।०८३ मा विनियोजित आपत् विपद्मा परेका स्थानीय नागरिकहरुलाई आर्थिक सहायता प्रदान खर्च शीर्षकबाट भुक्तानी हुने गरी देहायानुसार आर्थिक सहायता प्रदान गर्ने।

देहाय

| क्र.सं. | लाभग्राहीको नाम, थर | ठेगाना | रकम (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | चेत बहादुर पहरी | बागमती-०५ | १००००।०० | |
| २ | सुनिल माझी | बागमती-०५ | १००००।०० | |
| ३ | जगत बहादुर पहरी | बागमती-०१ | १००००।०० | |
| ४ | नडसल माया थोकर | बागमती-०५ | १००००।०० | |
| ५ | सन्त बहादुर लोप्चन | बागमती-०८ | १००००।०० | |

३. बागमती गाउँपालिकाको गाउँ विपद् व्यवस्थापन समितिको मिति २०८२/१२/१७ गतेको निर्णय आज बसेको गाउँ कार्यपालिकाको बैठकमा पेश हुन आएको हुँदा उक्त निर्णय उपर छलफल गरी सर्वसम्मतिमा अनुमोदन गर्ने र कार्यान्वयनको लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

४. बागमती गाउँपालिका क्षेत्र भित्रको भौगोलिक परिवेश, भौगोलिक कठिनाई तथा दुर्गमताको कारण सिर्जना हुन गएको नागरिकको असहज जीवनशैली, बर्षात्को समयमा नागरिकहरुले भोग्नु परेको दुःख, कष्ठ एवं सास्तीलाई समेत मध्यनजर गर्दै दुर्गमि बस्तीका आम नागरिकहरुमा सहज आवतजातको पूर्वाधारको पहुँच पुर्याउने ध्येयका साथ देहाय बमोजिमका स्थानहरुमा झोलुङ्गे पुलको आवश्यकता परेको हुँदा पूर्वाधार विकास विभाग श्रीमहल ललितपुरमा माग गर्ने।

देहाय

| क्र.सं. | प्रस्तावित झो.पु. | वडा नं. | दायाँ | बायाँ | कैफियत |
|---|---|---|---|---|---|
| १ | पिपलटारदेखि घट्टडाँडा सिमलटार जोड्ने झो.पु. | बागमती-०३ | बागमती-०३ | बागमती-०३ | |
| २ | कुकुरजोरदेखि पाङ्दमार जोड्ने झो.पु. | बागमती-०३ | बागमती-०३ | बागमती-०३ | |
| ३ | शाखाटारदेखि ठूलोदमार जोड्ने झो.पु. | बागमती-०२ | बागमती-०२ | बागमती-०२ | |
| ४ | हात्तीढुंगादेखि गहुँबारी जोड्ने झो.पु. | बागमती-०१ र ०२ | बागमती-०२ | बागमती-०१ | |
| ५ | घट्टे मोक्तान टोलदेखि लामोदमार जोड्ने झो.पु. | बागमती-०३ | बागमती-०३ | बागमती-०३ | |
| ६ | भोर्लेनीदेखि राईटोल जोड्ने झो.पु. | बागमती-०१ र ०२ | बागमती-०२ | बागमती-०१ | |

सर्वेश्वर घलान
अध्यक्ष

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | गैरी बेसीदेखि कन्याडाँडा जोड्ने झो.पु. | बागमती-०९ र महाङ्काल-०६, ललितपुर | बागमती-०९ | महाङ्काल-०६ | |

५. बागमती गाउँपालिकाको वडा नं. ०५ मा अवस्थित मकवानपुर जिल्लाको एक मात्र ICT प्राविधिक विद्यालय श्री देवकी मा. वि. मा अध्ययन गर्न आउने विद्यार्थीहरु र त्यहाँका स्थानीय आम नागरिकहरुले आवतजातमा भोग्नु परेको समस्या र कठिनाइलाई मध्यनजर गर्दै बागमती गाउँपालिका मकवानपुरको वडा नं. ०५, लिलाबन र हरिहरपुरगढी गाउँपालिका सिन्धुलीको वडा नं. ०१, ककरे बागमती खोला माथि झो.पु. को आवश्यकतालाई दृष्टिगत गर्दै सिन्धुली र मकवानपुर जिल्लाका उक्त दुई स्थान जोड्ने झो.पु. निर्माणका लागि लिलावन ककरे मल्टिस्पान सस्पेन्सन ब्रिज योजनाको डिपीआर समेत तयार भइसकेको जानकारी गाउँ कर्यपालिकालाई प्राप्त हुन आएको हुँदा सो स्थानमा उक्त झो.पु. यथाशीघ्र निर्माणका लागि सस्पेन्सन ब्रिज डिभिजन पुल्चोक ललितपुरलाई सिफारिसका साथ अनुरोध गर्ने।

सुरेन्द्र घलान
अध्यक्ष